नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.३/२०७६/७७ मितिः- २०७६/११/२९

चलानी नं.:-३००

विषयः- आगामी आ.व. को वार्षिक बजेटमा धूम्रपान तथा सूर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण गर्ने कार्यक्रम समावेश गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु, सबै।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य कर कोषको सचिवालयको प.सं.०७६/०७७, च.नं. २६२, मिति २०७६/११/१९ को प्राप्त पत्र संलग्न छ। सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

२०७६/११/२९

राजकुमार बोहरा
शाखा अधिकृत

**बोधार्थः-**

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य कर कोषको सचिवालय, रामशाहपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

दर्ता नं.:- ११६८१
मिति:- २०७६।११।२६

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- २६२

मिति:- २०७६/११/१९

**विषयः** आगामी आ.व. को वार्षिक बजेटमा धुम्रपान तथा सूर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण गर्ने कार्यक्रम समावेस गर्ने बारे।

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार, काठमाण्डौ।**

धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक छ। यसको सेवनले फोक्सोको क्यान्सर, मष्तिस्कघात, मुख तथा घाँटिको क्यान्सर हुनका साथै कम तौल भएको, अपाङ्ग र मरेको बच्चा जन्मन्छ। धूम्रपान तथा सूर्तिमा हुने निकोटिन तथा टार, कार्वन-मोनोअक्साईडले मुटु र फोक्सोको रोग लाग्दछ। सूर्तिजन्य पदार्थमा नाईट्रोसोमाईन र बेन्जोपाइरिन जस्ता क्यान्सरका कारक तत्व हुन्छन। सूर्तिजन्य पदार्थको प्रयोगको कारणले गर्दा प्रमुख चार वटा नसर्ने रोगहरु (क्यान्सर, दिर्घ श्वासप्रश्वास, मुटुरोग र मधुमेह) लाग्ने गर्दछ। प्रत्येक पाँच जाना मध्ये दुई जना व्यक्ति अरुले खाएको धुम्रपानको धुवाले पिडित हुन्छन। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सूर्तिजन्य पदार्थ सेवनको कारणले गर्दा लाग्ने नसर्ने रोग र मृत्युदर अन्य कारण भन्दा उच्च रहेको पाईन्छ।

पछिल्ला दिनमा सूर्तिजन्य पदार्थको सेवनको दर युवा वर्गमा उच्च देखिएको छ। सूर्तिजन्य पदार्थको उपयोग महामारीको रुपमा देखापरेको छ। नेपालमा हरेक वर्ष करिब सत्ताईस हजार मानिसको मृत्यु सूर्तिजन्य पदार्थको प्रयोगको कारणलेलागेको रोगबाट भएको पाईन्छ ।उक्त रोगको उपचारमा राज्यको अरबौं लगानि भएको छ ।

सुर्तिजन्य पदार्थको प्रयोगले वर्तमान र भविष्यका पिढिहरुको स्वास्थ्य, सामाजिक वाताबरण र आर्थिक पक्षमा पर्ने असर र प्रभावबाट बचाउन र "सुखि नेपाली, समृद्द नेपालको" नारालाई साकार पार्न सूर्तिजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थि

हितको अभिवृद्दि गर्न तथा सुर्तिजन्य पदार्थको आयत उत्पादन, विक्रि वितरण तथा सेवन गर्ने कार्यलाई न्युनिकरण, नियन्त्रण तथा नियमन गर्नका लागि २०६८ सालमा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र ऐ. नियमावली, २०६८ निर्माण भई कार्यान्वयन मा रहेको व्यहोरा विधितै छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :-

मितिः-..........................

उक्त ऐनको दफा १२ को उपदफा (१) मा कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ भन्ने उल्लेख छ भने ऐ. ऐनको दफा १३ मा कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ । यसरी निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ भन्ने उल्लेख छ ।

त्यसैगरी ऐ. ऐनको दफा १५ व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ भन्ने व्यवस्था उल्लेख छ भने ऐ. ऐनको दफा १६ मा दफा १५ बमोजिम गरिएको अनुसन्धान तथा तहकिकातबाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले त्यसरी अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पच्चीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ भन्ने उल्लेख छ ।

उल्लेखित कानूनी व्यवस्था बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१०।१० को निर्णयले सबै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीहरुलाई सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई निरीक्षक तोकिएको व्यहोरा विधितै छ ।

उल्लेखित निरीक्षकहरुबाट सूर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रणको कार्य प्राथमिकतामा नपरेको भनी बारम्बार गुनासो आउने गरेको हुँदा आगामि आर्थिक बर्षको वार्षिक कार्यक्रममा सूर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रणको कार्यक्रम समेत समावेस गरी सूर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रणको कार्य प्रभावकारी रुपमा गर्नका लागि सबै स्थानीय तहहरुलाई पत्राचार गरीदिनुहुन सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिको निर्णयानुसार अनुरोध गर्दछु।

(पुस्कर राज नेपाल)
उप सचिव (कानून)